नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या :- २०८२।८३
चलानी नं:-

मिति २०८३।२।४

**कम्पनी प्रशासन व्यवस्थापन सुचना प्रणाली CAMIS मा गरिएको सुधार वारे जानकारी ।**

कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली (CAMIS) लाई सरोकारवालावाट प्राप्त सुझाव समेतका आधारमा कार्यालयले परिस्कृत र परिमार्जित गरिरहेको व्यहोरा सवैमा विदितै छ । यस क्रममा हाल प्रणालीमा देहायका सुधार/थप गरी Live गरिएको हुँदा सम्वन्धित सवैमा जानकारीका लागि अनुरोध छ ।

**Release 1.4 | Jestha 4, 2083**

१. **स्वतः स्वीकृत आवेदन** : ठेगाना परिवर्तन र पूँजी परिवर्तन सम्वन्धी स्वतः स्वीकृत आवेदनमा पत्र जारी हुने, प्रबन्धपत्र/नियमावली संशोधन सोही पत्रमा उल्लेख हुने गरी प्रयोगकर्ताले अपलोड गर्ने कागजातको Auto Sign नहुने व्यवस्था मिलाइएको। संशोधित AOA तथा MOA सम्वन्धी थप फिल्डहरू राखिएको ।

२. **Fine adjustment:** जरिवाना तथा राजश्व रकम फरक परेको अवस्थामा कारण उल्लेख गरी रकम वढाउन वा घटाउन सकिने व्यवस्था गरिएको ।

३. **नाम आरक्षण सम्बन्धी व्यवस्था :** आरक्षित नाम कम्पनी दर्ता नगरेमा ९० पछि स्वतः खारेजी हुने गरी व्यवस्था गरिएको ।

४. **ICAN सँग प्रणाली आवद्धता:** लेखापरीक्षणको विवरणसँग UDIN एकीकरण गरिएको, इजाजतपत्र नम्वर वा सदस्यता नम्वरमार्फत लेखापरीक्षकको विवरण समावेश गरिएको ।

५. **आवेदनमा UDIN अनिवार्यता:** वार्षिक प्रतिवेदन र दर्ता खारेजीको आवेदनमा ICAN सम्वन्धी विवरण अनिवार्य गरिएको ।

६. **भन्सार विभागसँगको आवद्धतामा थप :** कम्पनी प्रारम्भिक विवरण र कम्पनी जानकारी, पूँजी, शेयर, ठेगाना तथा अद्यावधिक कागजात सहितको विवरण भन्सार विभागको प्रणालीमा उपलव्ध गराइएको ।

७. **उद्योग विभागसँग प्रणाली आवद्धता:** कम्पनीको जगेडा शेयर सम्वन्धी API समेत प्रदान गरिएको ।

८. **PAN प्रमाणीकरण:** प्रयोगकर्ताले 000000000, 111111111 वा यस्तै अमान्य PAN नम्वर प्रविष्ट गर्न नसक्ने व्यवस्था गरिएको।

९. **पब्लिक पोर्टल Dashboard:** कार्यालयबाट तयार हुँदै गरेको पब्लिक पोर्टलका लागि Dashboard API तयार गरी उपलब्ध गराइएको ।

१०. **कार्यालय छनोट व्यवस्था:** सेवाग्राहीहरूले आवेदन भुलवस वुटवल र इटहरी कार्यालयमा समेत पेश गरेको हुँदा पर्न गएको समस्या समाधानका लागि कार्यालय छनौट काठमाडौं कार्यालयमा सीमित गरिएको।

(बलराम निरौला)
रजिष्ट्रार

फोन: ०१-५३१५०७७ (रजिष्ट्रार), ५३५९९६१, ५३६७२५६ (सहायता कक्ष)
E-mail: info@ocr.gov.np, Website : www.ocr.gov.np